# नेपाली समाचार

जापानबाट प्रकाशित पहिलो नेपाली पत्रिका　日本初ネパール語の新聞　First Nepalese Newspaper in Japan



शिन-ओकुबोमा खुलेको नयाँ रेष्टुरेण्ट

Bamboo छें

Taste of Himalaya

✓ शान्त र पारिवारिक वातावरणमा स्वादिष्ट भोजनको आनन्द लिँदै, साथीभाइ, आफन्त र इष्टमित्रहरूसँग भेटघाट गर्नका लागि उत्कृष्ट स्थान चाहिएमा
✓ बिबाह, ब्रतबन्ध, जन्मदिन, एनिभर्सरी, पास्नी जस्ता विशेष अवसरहरूमा उत्कृष्ट सेवा सहित पार्टी गर्न सकिने
✓ १ सय ५० सिट क्षमता, स्टेज र साउण्ड सिस्टम सहित नियमित लाइभ म्युजिकको भरपूर मजा लिन सकिने
✓ तपाईंको विशेष दिनलाई अझ अविस्मरणीय बनाउन सदा सेवामा समर्पित

FOR PARTY BOOKING
080-5964-7468


More Information

Tokyo-To, Shinjuku-Ku, Hyakunincho
1-10-17 (Ichibangai Building 2F)
सम्पर्क नं.:- 03-5989-1708



वर्ष १८, अंक ३, २०८१ मंसिर १६-३०　　Vol. 18, No. 3, December 1-15, 2024


# यसकारण पनि विदेशीहरूको पनि केन्द्रविन्दु 'शिन्ज्युकु'



| | 国名 | 人数 | % |
|---|---|---|---|
| 1 | 中国 | 18,706 | 38.7% |
| 2 | 韓国 | 9,126 | 18.9% |
| 3 | ネパール | 4,380 | 9.1% |
| 4 | ミャンマー | 2,904 | 6.0% |
| 5 | ベトナム | 2,725 | 5.6% |
| 6 | 台湾 | 1,974 | 4.1% |
| 7 | 米国 USA | 1,217 | 2.5% |
| 8 | フランス | 759 | 1.6% |
| 9 | フィリピン | 714 | 1.5% |
| 10 | タイ | 607 | 1.3% |
| | その他 | 5,173 | 10.7% |
| | | 48,285 | |



**❑ नेस डेस्क**

टोकियो – जापानको राजधानी टोकियो हो भने टोकियोको पनि राजधानीकारूपमा शिन्ज्युकुलाई लिन सकिन्छ । टोकियो महानगरिय प्रशासनिक केन्द्र पनि शिन्ज्युकुमै रहेको छ । जुन विश्वकै दश उत्कृष्ट महानगरिय प्रशासनिक केन्द्र मध्यकै एक मानिन्छ । शिन्ज्युकुमा रहेको अग्लो र भीमकाय महानगरिय प्रशासकीय भवन (तोच्यो) हेर्नकै लागि वर्षेनी लाखौंको संख्यामा विदेशी पर्यटकहरू आउने गर्दछन् ।

टोकियो महानगरिय क्षेत्रमा रहेका २३ वटा नगरपालिका मध्य सबैभन्दा धेरै विदेशीहरू बसोबास गर्ने नगरपालिका शिन्ज्युकु हो । शिन्ज्युकु नगरपालिकाले उपलब्ध गराएको यहि डिसेम्बर १ तारिखको तथ्याङ्क अनुसार यहाँको कुल जनसंख्या ३ लाख ५३ हजार ३ सय २९ रहेको छ । जसमध्य विदेशीहरूको संख्या ४८ हजार २ सय ८५ अर्थात १३ दशमलव ७ प्रतिशत रहेको छ ।

नगरपालिकाका अनुसार यहाँ १ सय ३१ देशका विदेशीहरू बसोबास गर्दछन् । जसमा सबैभन्दा बढि चिनिया १८ हजार ७ सय ६ (३८ दशमलव ७ प्रतिशत) दोस्रोमा कोरियन ९ हजार १ सय २६ (१८ दशमलव ९ प्रतिशत) र तेस्रो स्थानमा नेपालीहरू ४ हजार ३ सय ८० (९ दशमलव १ प्रतिशत) रहेका छन् । यसैगरी चौथोमा म्यान्मार २ हजार ९ सय ४ (६ दशमलव ० प्रतिशत), पाँचौमा भियतनाम २ हजार ९ सय ४ (५ दशमलव ६ प्रतिशत), छैठौंमा ताइवान १ हजार ९ सय ७४ (४ दशमलव १ प्रतिशत), सातौंमा अमेरिका १ हजार २ सय १७ (२ दशमलव ५ प्रतिशत), आठौंमा फ्रान्स ७ सय ५९ (१ दशमलव ६ प्रतिशत), नवौं स्थानमा फिलिपिन्स ७ सय १४ (१ दशमलव ५ प्रतिशत) र दशौं स्थानमा थाइ ६ सय ७ (१ दशमलव ३ प्रतिशत) छन् भने बाँकी ५ हजार १ सय ७३ जना (१० दशमलव ७ प्रतिशत) अन्य विभिन्न देशका मिश्रित नागरिकहरू रहेका छन् । कुनै कुनै देशका त १, १ »» बाँकी पृष्ठ ८ मा

## अवकाश जीवनलाई सहज बनाउन पेन्सन 'योजना'

# वैदेशिक रोजगारमा हुनेहरूप्रति लक्षित

**❑ नेस डेस्क**

काठमाडौं – पर्वतकुमार कार्की नागरिक लगानी कोष (सीआईटी) को कार्यकारी निर्देशक हुन् । नेपाल राष्ट्र बैंकमा ३० वर्ष सेवा पूरा गरी सेवा निवृत्त भएपछि कार्कीसँग साबिकको ग्रामीण विकास बैंकको प्रमुख कार्यकारी अधिकृतका रूपमा ४ वर्ष र किसान लघुवित्त वित्तीय संस्था लिमिटेडको प्रमुख कार्यकारी अधिकृतका रूपमा काम गरेको अनुभव छ । उनी नेतृत्वको कोषले पूँजी बजारमा पनि नयाँ मोडालिटीमा लगानी गर्ने तयारी गरिरहेको छ । यसका अतिरिक्त वैदेशिक रोजगारीमा रहेका नेपालीले कमाएको केही पैसा अवकाशको समयमा सदुपयोग होस् भन्ने लक्ष्यसहित नागरिक पेन्सन योजना सञ्चालनमा छ । कोषको काम कारवाही र आगामी रणनीतिको विषयमा केन्द्रीत रहेर कार्यकारी निर्देशक कार्कीसँग नेपाली समाचारका लागि नृप रावलले गरेको कुराकानीको सम्पादित अंशः–

**नागरिक लगानी कोषको गरिमा र बिजनेस बढाउन कसरी अगाडि बढिराख्नु भएको छ ?**

सीआईटी ३४ वर्ष काम गरिसकेको संस्था हो । कोषले आफ्नै प्रकृतिका कामहरू गरिरहेको छ । हाल जेजति काम तथा योजनाहरू गरिरहेको छ, त्यसलाई निरन्तरताको आवश्यकता पर्छ । पछिल्लो समय सूचनाप्रविधि तथा डिजिटलाइजेसनमा जोड दिइरहेका छौं । सीआईटीको डिजिटलाइजेसनमा विशेष काम गर्नुपर्ने देखिन्छ । कोषका योजना तथा कार्यक्रममा सहभागी हुने सदस्यहरूलाई भौतिक रूपमा उपस्थित नभएरै काम सम्पन्न हुने व्यवस्था गरिरहेका छौं । कोषको कार्यालयमा आएर दरखास्त





दिने, लामो प्रक्रिया अपनाउनु पर्दा मान्छेहरू झन्झट मान्नुहुन्छ । त्यसकारण कोषको सेवाहरूलाई अनलाइन माध्यममार्फत प्रभावकारी गर्ने व्यवस्था भइरहेको छ । हामीले पेन्सन योजना सञ्चालनमा ल्याएका छौं । यस योजनामा स्वरोजगार भएका सर्वसाधारण नागरिकहरूलाई पनि समावेश गरेका छौं । वैदेशिक रोजगारीमा ठूलो संख्या छ । उहाँहरूलाई यस योजनामा समावेश गरिएको छ, जसकारण वैदेशिक रोजगारीमा गएका मान्छेहरू स्वदेश फर्केर आउनुभयो भने पनि निरन्तरता दिन सक्नुहुन्छ । उर्बर उमेरमा विदेशमा काम गरेर निश्चित उमेरसम्म पैसा जम्मा गर्नुहुन्छ । अवकाश जीवनमा उहाँहरूले त्यो रकम प्रयोग गर्न सक्नुहुन्छ ।

**कोषमा बचत तथा लगानीको अवस्था कस्तो छ ?**

कोषले विशेष गरी अवकाश »» बाँकी पृष्ठ ७ मा


No.1 TRAVEL

हवाई टिकटका लागि स्वर्णिम अवसर

WINTER & SPRING

SPECIAL OFFER

विशेष छुटसहित भरपर्दो हवाईयात्राका लागि
सँधै नम्बर वन ट्राभललाई सम्झनुहोला

अन्यत्र भन्दा सुपथ मूल्यमा हवाई टिकटको ग्यारेन्टी

Nepal Airlines　Biman BANGLADESH AIRLINES　KOREAN AIR　CATHAY
malaysia airlines　THAI　AIR INDIA

Sujan: 080-4142-4740 (SB, Viber)
Indra : 080-4142-4741 (SB, Viber)
Kamata Office: 03-6424-5031
/no1travelshibuya

"नम्बर वन ट्राभल"
Kanawa Bld. 2F, 7-52-6 Nishikamata,
Ota-ku, Tokyo 144-0051



Zeirishi/Visa support office

जेईरिशी/भिसा सपोर्ट अफिस

TAX & VISA
ट्याक्स एण्ड भिसा

I ❤ Nepal

इमिग्रेसनमा भिसा एप्लाई गर्न ।
• वर्किङ भिसाको नवीकरण तथा परिवर्तन ।
विजनेश भिसा बनाउनु परेमा ।
• डिपेन्डेन्ट भिसामा जापान बोलाउनु परेमा ।
• भिजिट भिसाका लागि डकुमेन्ट बनाउनु परेमा ।

सिटी कार्यालयमा गेनसेन पेपर पेश गर्न ।
• गेनसेन पेपर बनाउन ।
• स्यालरीको ट्याक्स हिसावकिताव गर्न ।

ट्याक्स अफिसका लागि डकुमेन्टेसन गर्नुपरेमा ।
• कम्पनीको फाइनान्सियल हिसावकिताव गर्नुपरेमा ।
• कम्पनीको ट्याक्स हिसावकिताव गर्नुपरेमा ।

Licensed tax accountant
लाईसेन्स प्राप्त जेईरेसी
Gyoseisyoshi Lawyer
इमिग्रेसन भिसा वकिल

OGAWA BUNKEI
ओगावा बुन्केई

〒115-0045
Tokyo-to Kita-ku Akabane 1-10-4-2floor
TEL 03-6903-8817 FAX 03-6903-8819

नेपाली मोवाईल : 080-5802-8841
जापानी मोवाईल : 090-2528-3400



जापानमा रेष्टुरेन्ट खरिद-विक्रि गर्ने नंवर वन फुदोसान

★★ सेवामा हाजिर छौं ★★

❖ रेष्टुरेन्ट खरिद-विक्रि (Tempo Kai-Tori) गर्नुपरेमा
❖ रेष्टुरेन्ट गर्नका लागि सस्तो ठाउँ चाहिएमा
❖ नेपाली, जापानी, हिन्दी, अंग्रेजी बोल्ने स्टाफ उपलब्ध
❖ सस्तो रुम तथा शेयर हाउस चाहिएमा

株式会社 REAL STYLE
〒169-0073 Tokyo, Shinjuku-Ku, Hyakunincho 2-4-5 (804)
Viber and Line OK!
Contact: Madan 070-2332-6833, Dipen 080-4929-6833

## सम्पादकीय

# हाम्रो आचरणमा सुधारको खाँचो

अबको केहि हप्तामा यो वर्ष २०२४ ले हामीबीचबाट बिदा लिदैं छ । यो वर्षभरि आफ्नो जीवनयात्रा के कस्तो रह्यो, के कति लक्षित कार्यहरू सम्पन्न हुन सके र के कति अधुरा र अपुरा नै रहे मिहिन ढंगले समीक्षा गर्ने र आगामी वर्षका लागि नयाँ कार्ययोजना तय गर्ने महत्वपूर्ण घडिमा अहिले हामी उभिएका छौं । आफ्नो उमेरमा अर्को १ वर्ष थपिने गरी आगमन हुन लागेको नयाँ वर्ष २०२५ को संघारमा उभिदै गर्दा हामीलाई विगतले सिकाएको पाठबाट शिक्षा लिदैं अबको समय सार्थक र उपलब्धिमुलक बनाउन भरमग्दुर प्रयत्न गर्नुपर्दछ । विगतका वर्षहरूभन्दा आगामी वर्षलाई थप उन्नत र परिणाममुखी बनाउन हाम्रा दैनिक जीवनशैली, खानपान, आचरण र समय ब्यवस्थापनलाई उत्कृष्ट ढंगले ब्यवहारमा उतार्न सक्नुपर्दछ । त्यसका लागि अहिलेदेखि नै आन्तरिक तैयारी र गृहकार्य गरी अब आउने नयाँ वर्षलाई जीवनकै महत्वपूर्ण वर्ष बनाउन अधिकतम मिहिनेत गऱ्यौं भने त्यसको सुखद परिणामको अपेक्षा गर्न सकिन्छ ।

हाम्रो जीवनमा असल समय प्राप्त गर्नुअघि खराब समयको सामना गरेर आफुलाई परीक्षामा उत्तीर्ण गराउनुपर्ने हुन्छ । त्यसो भएको हुनाले अहिले खराब समय चलिरहेको छ भने पनि उच्च मनोवलका साथ त्यसको सामना गर्दै असल समयको प्रतीक्षा गर्न सक्यौं भने त्यो सुखद समयको पर्खाइमा खराब समयलाई ढकेल्न सकिन्छ ।

जापानको नेपाली समुदाय हिजोभन्दा आज बृहत र ठूलो हुँदै गईरहेको छ । नेपालीहरूबीचको मेलमिलाप, एकता र भाइचारालाई थप मजबुत बनाउँदै पारस्परिक सहयोग आदान-प्रदान गर्ने सँस्कार र सँस्कृति अझ परिष्कृत बनाउन जरूरी छ । हामी विश्वकै उन्नत, समृद्ध र सँस्कारयुक्त समाजमा छौं । यहाँ हामीलाई आफ्नो जीवन भोगाईको क्रममा बिहानदेखि बेलुकीसम्म पाईला-पाईलामा सिक्ने अवसरहरू प्राप्त छन् । उपलब्ध अवसर र संभावनाहरूबाट अधिकतम लाभान्वित हुन र हाम्रा कारण समाजमा असहज उत्पन्न हुन नदिन हामी हदैसम्म सचेत एवम् सतर्क हुन जरूरी छ । विदेशमा बस्दै गर्दा एकजना नेपालीबाट हुने संभावित अवाञ्छित क्रियाकलापबाट सिंगो राष्ट्रकै नाम बद्नाम हुने भएकोले हामीले असल र सभ्य नागरिकको परिचय दिलाउन सक्नुपर्दछ । पछिल्लो समयमा नेपालीहरूको जापान आउने क्रम अत्यधिक बढ्दो छ । जापानको बारेमा थोरबहुत नेपालमै अध्ययन गरेर, मसिनोगरी बुझेर र सिरियस्ली मनन् गरेर आउनेभन्दा एकैचोटी जापानमा पाईला टेक्न आउने र भोलिपल्टदेखि पाईलैपिच्छेका समस्यासंग जुध्नुपर्ने स्थितिबाट गुज्रेका नेपालीहरूको संख्या अहिले बढ्दो छ । कम्तिमा पनि जापानको रहनसहन, चालचलन, भाषा, सँस्कृति, खानपान, दैनिक जीवनयापनका आधारभुत जानकारी लिएर आउने हो भने जापानको सुरूवाती दिनदेखि नै दैनिक जीवन सहज बनाउन सकिन्छ ।

कलिला किशोरकिशोरीहरूलाई नेपालका स्कुल या कन्सल्ट्यान्सीहरूले धमाधम जापानको रंगिन सपना बाँडिरहेका हुन्छन् भने अर्कोतिर मध्यस्थकर्ताहरूले त झन जापानमा पैसाको रूख नै भएजसरी भ्रम छरिरहेका हुन्छन् । यो गलत प्रवृत्तिले गर्दा जापान आउने हाम्रा नवप्रवेशी युवायुवतीहरूमा नकारात्मक प्रभाव परिरहेको छ । जापान आउनुअघि जापानलाई मसिनोगरी बुझ्न जरूरी छ । यहाँको भाषा कम्तिमा पनि कामचलाउ लेभलको सिकेर आउन आवश्यक छ । जापानमा आफ्नै बुतामा उभिन सक्ने हुन जो कोहीलाई केहि समय लाग्न सक्छ । त्यतिञ्जेल असजिलो पर्दा सोधपुछ गर्ने र सरसल्लाह दिनसक्ने हैसियत भएको एकजना भरपर्दो अभिभावकको गाइडलाइनमा चल्ने हो भने पनि धेरै हदसम्म यहाँको दैनिकी सहज बनाउन सकिन्छ । अन्यथा उस्तै उस्तै उमेरसमुहका आलाकाँचाहरूको संगत र सर्कलमा भ्रामक र तथ्यहिन समाचारले मात्र स्थान पाउने हुँदा सिक्ने र पाउने भन्दा गुमाउने गरेका घटनाहरू बाक्लिन थालेका छन् । त्यसो भएको हुनाले नवप्रवेशी नेपालीहरूका लागि साप्ताहिक निःशुल्क अभिमुखीकरण सेमिनारको आयोजना गर्न सकियो भने धेरै हदसम्म उनीहरूमा सचेतना जगाउन सकिन्छ ।

हामीलाई हामी जन्मेहुर्केको हाम्रो समाजले धेरै कुरो नसिकाएको ढिलोगरी सबैले बुझ्नुहुने छ । हाम्रो घरपरिवार, स्कुल, कलेज र विश्वविद्यालयमा नसिकेका तर जीवन यापनका क्रममा काम लाग्ने अत्यन्त ब्यवहारिक र महत्वपूर्ण शिक्षा यहाँ दिनहुँ लिन सकिन्छ, तर ईच्छाशक्ति भने हुनुपर्छ । जुन दिन हामी जापानलाई नजिकबाट बुझ्छौ अनि भन्ने छौं, जापान त्यतिकै जापान भएको होइन रहेछ । नयाँ वर्ष आउँदै छ, आन्तरिक रुपान्तरणका लागि हामी अहिलेदेखि आचरणमा सुधार गर्ने आँट गरौं ।




# एज्यु र लालपूर्जाबीच अल्झिएको जिन्दगी



विचार

✍ देवेन्द्र कँडेल

जिन्दगीमा थुप्रै दिनहरू आइरहे, गइरहे कतिपय रमाइला रहे त कति नरमाईला । कतिपय उत्साहमा बिते त कति त्यसै त्यसै गए, यसैगरी बाँकी दिनहरू पनि जाने नै होलान् तर एउटा परिवेशमा जन्मे हुर्केर अर्को देख्दै नदेखेको परिवेशमा आईपुग्दा अनेकौ कुराहरूमा कौतुहलता, अनभिज्ञता अवश्य भेटिन्छन् यसै सन्दर्भमा जापानमा एक दशक पहिले झर्दै गर्दाको अनुभव स्मरण गर्न मन लाग्यो ।

हरेक कुराको शुरूवात हुँदै गर्दा त्यस पछाडि केहि न केहि दृष्यहरू अवश्य हुन्छन् यी कुरा बिनाको बुझाई अपूरो बन्छ त्यसैले सामान्य केहि कुरा जोड्नैपर्छ । धेरैले भन्ने गर्छन् कि बिदेशिनुको कारण नै बेरोजगारी समस्या हो तर मलाई त्यस्तो कहिल्यै लागेन किन कि, कुनै न कुनै रोजगारीमा रहेरै बिदेशीनेहरू तथा बिदेशिन खोज्नेहरूको संख्या कम्ति छँदै छैन । जब हाम्रा संस्कार चालचलन, सँस्कृति, शिक्षा, स्वास्थ्य जस्ता आधारभुत कुराहरू त्यहाँका रोजगारीले थाम्न सक्दैन भन्ने अवस्था आइलाग्छ तब रोजगारी खोज्नु र गर्नुमा कुनै आकर्षण नै रहँदैन त्यसैले यो बेरोजगारीको कारण भन्दा पनि बेथितिका कारण भन्न सकिन्छ । यसैको शिकारमा म परेकै हो । पन्ध्र बर्ष लगाएर बाउका पैसामा पढेर बनाएका सर्टीफिकेटको पोको आमालाई सुम्पेर, दुईचार दिनको तालिममा जुटाएको सर्टिफिकेट र साउका पैसाको बाटो खर्चको पोको बोकेर हिड्दै गर्दा आफैमा अध्यँारो सुरूङमा हाम फाल्नु जस्तै त थियो नै त्यसमाथि बिल्कुल फरक दुनियाँमा ।

कुनै आफन्तलाई छोड्न या लिन जाँदा एअरपोर्टको प्रस्थान गेट बाहिरसम्म पुगेको अवस्था रहे पनि त्यसभित्रका सबै कुराहरू बिल्कुल नयाँ नै थिए । एकातिर भारी मनलाई अर्कोतिर उत्सुक पार्दै जहाज छेउमै पुग्दैगर्दा अझ उत्सुक बन्यो । हुन त जहाज हेरेरै हुर्केको मान्छेलाई नौलो नलाग्नुपर्ने हो तर परिस्थिति फरक थियो । घर माथिको आकाशमा कहिलेकाँही उड्ने जहाजको आवाजले त्यतातिर आकर्षित गर्थ्यो र खाना खाँदै गर्दा समेत थालै टिपेर जुठै हात बाहिर निस्की डाँडाले नछेकुञ्जेल धेरै जहाज हेरियो त कति बादल भित्र खोज्दा-खोज्दै आवाज शून्य भए । पहिलो पटक गाडी देख्दा उमेरले पहिलो दशक काटी सकेको थियो भने आफ्नै भूगोलमा देख्न पाउन अर्को दशक कुर्नुपऱ्यो यस्तो स्थितिबाट हुर्केर अढाई दशकको शरिर लिएर पर पुग्नु जो थियो ।

यात्रा काठमाडौं हङकङ हुँदै टोकियो थियो, तर परिचित साथी कोहि थिएनन् अपरिचितसंग नै सहयात्री बनेर यात्रा गर्नुथियो । अरूकै फलो गर्दै जानुथियो, संगैको सिटमा एकजना राई दिदी हुनुहुन्थ्यो, उहाँले पहिलो यात्रा बुझेर नै धेरै कुरा बुझाइदिनु भयो । हङकङ आइजाइ गरिरहने उहाँले वाइन लिनुभयो, पिउने भए लिनुहोस् भाइ भन्दै हुनुहुन्थ्यो तर कहिलेकाँही उरेन्ठेउलो बनेर २, ४ चुस्की बियर लिएको अनुभव भए पनि अरू थाहा थिएन त्यसैले हात पछि नै रहे । त्रिभुवन विमानस्थल दुनियाँकै भब्य लाग्ने हङकङ झर्दै गर्दा सामान्य शाखा एअरपोर्ट जस्तो अनुभूत गरे । दिदीको शुभयात्रा लिंदै अब टोकियो जानेको फलो गर्नु नै मेरो यात्रा थियो, अपरिचित भए पनि नेपाली दाजुभाइ धेरै नै हुनुहुन्थ्यो । मध्ये दिउसो संगसंगै जब जब जहाजले समुद्र छिचोलेर जमिन पच्छाउँदै थियो मन ढकढक भइरहेथ्यो । नारिता झरिसकेपछि अरूकै पछि-पछि लाग्दै इम्रिगेशनको प्रक्रिया सकाई सामान रिसिभ गर्ने ठाउँसम्म आइपुदा धेरै मान्छे निस्कीसकेका थिए । उताबाट सुत्ने बेलामा परेको फ्लाइट समय र अबधिले गर्दा ३५, ३६ घण्टा निद्राविहीन यात्रामा रहेर आइपुग्दा शरीरले थकित महशुस गरिरहेको थियो । आफ्नो ब्यागेज समाउदै गर्दा पहिलेभन्दा भारी भए जस्तै लागेको थियो । जब भन्सार फाराम भरेर कर्मचारीलाई बुझाएँ तब उनले अंग्रेजीमा लेखिएको चित्र सहितको किताब देखाउँदै यो छ की छैन भन्दै हात हतियार, लागु औषध, हरिया तरकारीजन्य बस्तुहरू देखाउँदै सोधपुछ गर्दै थिए । यि कुराबाट टाढै भएकोले सहजै जवाफ छैन नै थियो यतिले खोइ किन बिश्वास नलागेर पुरै ब्यागेज नै खानतलासमा पऱ्यो । भाइबहिनीले टम्म पारेर प्याक गरिदिएको ब्याग पुनः बन्द गर्न साह्रै गाह्रो परेको देख्दा सरी भन्दै बन्द गर्न भने राम्रै सहयोग मिल्यो । बल्ल तल्ल बाहिर त निस्कियो, अब यहाँबाट अर्को अनजान यात्रा गर्नुथियो नारितादेखि इकेबुकुरोसम्मको, एअरपोर्टमा लिन कोही आउने छैन भन्ने उतै नै थाहा थियो त्यसैले खुद्रा नमिलेर पुरै बोक्न परेको मानको नोट गोजीमा थियो त्यसका लागि आठ हजार नेपालीमा परेको थियो उ बेला ।

सैद्धान्तिक रूपमा कतिपय कुरा थाहा भए पनि ब्यबहारिक रूपमा जिरो हुँदा त्यो सिद्धान्तले समेत फेल नै खाने महसुस भयो । न त त्यहाँ कालिमाटी-रत्नपार्क भनेजस्तो भन्ने थियो कोही, न त पोखरा-बागलुङ भन्ने जस्तो नै, थियो त ठूला ठूला मनिटरमा बेला बेला अंग्रेजीमा देखिने रेलका गन्तब्य र समय तालिका । प्राक्टिकल्ली जिरो हुँदा यसबाट पार लगाउन सक्ने हिम्मत आएन त्यसैले आफ्नो भाइलाई लिन जानु भएको एक जना दाइसंग सहयोगको अनुरोध गरे । उहाँको गन्तव्यसंग उल्टो पर्ने रहेछ त्यसैले त्यहाँबाट टिकट लिएर जानु भन्दै टिकटको भेन्डिङ मेशिन देखाउनुभयो । आफू त नेपालमा हुँदा कहिलेकाँही चेक साटफेर गरेको भए पनि एटिएम मेशिन समेत प्रयोग नगरेको मान्छे थिएँ, त्यसैले के हो के हो नै लाग्यो । यत्तिकैमा अर्को दाइ पनि आफन्त लिन आउनुभएको रै'छ उहाँलाई त्यो दाइले गन्तव्य सोधेर उहाँसंगै जानु एकै ठाउँ रै'छ भन्नुभयो । मलाइ ढुंगा खोज्दा देउता मिले झै भयो । उहाँ दाइको आफन्त निस्कन बेर लाग्यो उहाँ यताउता खोज्दै हुनुहुन्थ्यो म पछि लाग्दै थिए । १०, १५ किलो लत्ता कपडा लिएर हिड्न मिल्ने लगेजमा ३०, ३२ किलो सामान कोचेर हिड्नुपर्दा त्यो त्यसै हुर्मत लिए झै भएकै थियो त्यसमाथि दृष्टिबिहिनका सहजताका निम्ति बिछ्याइएका (पछि थाहा पाएको) ब्लकमा गुडाउँदा ठेस लागेर लगेजका पांग्रा खुस्किन आँटीसकेका थिए । पहिले नै धेरैजना आफन्त पुगिसकेको ठाउँ भएकोले हुन्न, सक्दिन भन्न नजान्ने म अनि यत्रो पार्सलले गाह्रो पार्ला भनेर सोच्न नजान्ने आफन्त र साथीभाइ बीचको तालमेल राम्रै मिलेको थियो । पहिलो पटक आउँदै गरेको हुँदा आफ्नो सामान आठ दश किलो लत्ता कपडा बाहेक खासै केहि थिएन तर घिउ देखि तेलसम्म, चामलदेखि लसुनसम्म बोकाइमा परिएको रै'छ जसले गर्दा ह्याण्ड ब्यागभित्र बाहिर आफ्नै भए पनि अर्को ३० किलो बोकेको लगेजको बाहिरी र भित्रको सकुशल हस्तान्तरण गर्नुपर्ने दायित्व मात्र आफ्नो थियो । जब उहाँको आफन्त भेटिनु भयो तब हतार हतार रेलको टिकट लिएर चढ्ने ठाउँतिर लाग्यौ । टिकट इन्ट्री गेटमा टिकट छिराएर राम्रोसंग राख्नु निस्कीदाँ चाहिन्छ भन्ने कुरा सुन्दै अघि बढियो, तल झर्ने स्कालेटरबाट तल झर्दै गर्दा बेला बेला अरूलाई सामानले नछुवाउन भन्नुहुन्थ्यो, भारी ब्यागले यताउता छोइनै हाल्थ्यो यो पनि हाम्रो संस्कारले गर्दा भएर पनि होला । तल पुग्ने बित्तिकै हतारिदै उहाँ एउटा ढोकाबाट छिर्नुभयो हामी पनि त्यसै गऱ्यौ लगत्तै ढोका बन्द भयो र चल्न थाल्यो ।

त्यो नै रेल रहेछ, जुन देख्न भन्दा पहिले चढिसकिएछ । झण्डै नछुटेको है, छुटेको भए टिकट खेर जाने रै'छ भन्दै जिज्ञासा प्रकट गर्दा हैन पछिल्लोमा नि चढ्न मिल्छ भन्नुभयो । त्यो नारितादेखि निप्पोरीसम्मको लोकल रेल रहेछ । जिन्दगीमा पहिलो रेल यात्रा हुँदैगर्दा नजर बेला बेला बाहिर पनि जान्थ्यो, जसबाट सहरको आभास हुने जस्तो दृष्य लागेन यी त टोकियोदेखि टाढैका स्टेशन रहेछन् र पो रहेछ । डिसेम्बरको अन्तिमतिरको समय हल्का बर्षा भइराखे'थ्यो चिसो सिरेटो चलिराखेको थियो, बीच बीचमा ढोका खुल्दा मुटुनै कमाउने चिसो भित्र पस्थ्यो । २, ४ मिनेटको अन्तरमा रेल रोकिन्थ्यो, हुलका हुल मान्छेहरू निस्कने र छिर्ने गर्थे, उनीहरूलाई देखेर मनमनै एउटै ग्रुपका होलान् भनेर अड्कल काट्थे । धेरै महिलाहरूका हातमा टुप्पी भएको छाता समाएको देख्दा मनमनै अनौठो लाग्यो जो नेपालमा जेन्स छाता भनेर महिलाहरूले बोक्दैनथे । जति जति रेल यता आउँदै थियो उति उति मान्छेको भिड लाग्न थाल्यो । साँझको समय भएर पनि रेलमा भिडभाड हुँदो रै'छ । रेल बदल्दा पनि हतारमा भएका मान्छेहरूको भिडभाडलाई छिचोल्दै ४०, ४५ किलोको समानले गर्दा धेरै नै मुश्किल हुन्थ्यो ।

जसोतसो इकेबुकुरो आइसकेपछि दाइको मोबाइलबाट गाउँकै काकालाई लिन बोलाएँ । अर्को दिनदेखि सँगै काम गर्नुथियो, बस्नु पनि संगै थियो । उहाँ आएपछि दाइसंग बिदा भए । स्टेशन देखि रूम पुग्न १५ मिनेट लाग्ने ठाउँ रहेछ । दुईचार मिनेट गुडाएपछि लगेजको पांग्रा खुस्कियो, अनि मैले लगेज काँधमा चढाए, काकाले झोला बोकिदिए । गफिदै हिड्दै गर्दा पनि धेरै कुरामा नजर गइरहन्थ्यो, साँझको समय थियो चारैतिर तिहारको समय जस्तो झिलीमिली लागिरा'थ्यो, चिल्ला सडकमा गुड्ने गाडिहरू सबै हाम्रा मन्त्री चढ्ने जस्तै लाग्थे । जब रूम छिर्न मुल सडक छोडेर सानो गल्लीमा घुस्यौ फेरी काठमाडौंकै गल्लीको याद आयो । ढोका खोलेर भित्र पस्दै गर्दा ठ्याकै हाम्रो गाउँघरतिर खेत बिराउन (बनाउन), घरगोठ बनाउन माथिल्लो भेगका दाजुभाइ आएर गोठको भारमा परालमाथि कम्बल ओछ्याइ होलसेलमा सुत्थे त्यही दृष्यको याद आयो । रातको साढे १२ तिर बिहानै आठ नौ बजे गएका अरू साथीभाइ कामबाट लखतरान भई फर्केको देख्दा र कुरा सुन्दा बिस घण्टा नि काम गर्छु भनेर उत्रेको मलाई मन चसक्क पाऱ्यो नै ।

परिस्थिति अहिले धेरै नै फरक भए पनि पुरै फरक चाँहि छैन । अझै पनि कहिलेकाँही कुरा गर्दै जाँदा जापान किन आएको होस् ? कहिले फर्किन्छौं ? तिम्रो देशमा कति तलब हुन्छ भन्ने जापानीको प्रश्नले हिनताबोध गराउँछ भने जापान आइसकेपछिको उताको लालपूर्जा र यताको एज्युकेन सम्बन्धी अन्तरवार्ता लिन खोज्ने नेपाली दाजुभाइप्रति दिग्दारी लागि नै रहन्छ । माथि भने जस्तै जापान अध्यँारो सुरूङ नभए पनि उज्यालो सुरूङ चाहि हो जस्तो नै लाग्छ । छिर्के हान्नेलाई पनि राम्रै चलेकै छ, सिधा हिड्नेलाई पनि चलेकै छ, जे होस् शान देखाउने, मान हात नलागे पनि, इमानलाई खुट्टा लगादिएको छैन यसैमा खुशी छ । शुभदिन

(पाठकहरूको चाहनामा पुनः प्रकाशित)

नयाँ वर्ष २०२५ शुभ रहोस्

अंग्रेजी नयाँ वर्ष २०२५ को सुखद अवसरमा जापान लगायत देश-विदेशमा रहनुभएका समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवं उत्तरोत्तर प्रगतिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

PARBAT SAMAJ JAPAN Estd : 2009

NRNA

सुभाष लामिछाने
अध्यक्ष, पर्वत समाज जापान
उपाध्यक्ष एन.आर.एन.ए. जापान



नयाँ वर्ष २०२५ को मंगलमय शुभकामना

अंग्रेजी नयाँ वर्ष २०२४ को सुखद अवसरमा जापान लगायत स्वदेश तथा विदेशमा रहनुभएका समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवं उत्तरोत्तर प्रगतिका लागि हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछु ।

रत्नसिंह बस्नेत
अध्यक्ष
गलकोट समाज जापान



नयाँ वर्ष २०२५ को हार्दिक शुभकामना

अंग्रेजी नयाँ वर्ष २०२५ को सुखद अवसरमा जापान लगायत देश-विदेशमा रहनुभएका समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवं उत्तरोत्तर प्रगतिका लागि हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछु ।

गणेश श्रेष्ठ
वरिष्ठ उपाध्यक्ष
म्याग्दी प्रवासी नेपाली संघ (मोना) जापान



नयाँ वर्ष २०२५ को हार्दिक शुभकामना

अंग्रेजी नयाँ वर्ष २०२५ को सुखद अवसरमा जापान लगायत देश-विदेशमा रहनुभएका समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवं उत्तरोत्तर प्रगतिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

गुरुङ समाज जापान

युवराज गुरुङ
अध्यक्ष
गुरुङ समाज जापान



नयाँ वर्ष २०२५ को
मंगलमय शुभकामना

अंग्रेजी नयाँ वर्ष २०२५ को सुखद अवसरमा जापान लगायत देश-विदेशमा रहनुभएका समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवं उत्तरोत्तर प्रगतिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

NRNA Non-Resident Nepali Association

रोबिन शेरचन
उपाध्यक्ष
एन.आर.एन.ए. आइ.सी.सी.

नयाँ वर्ष २०२५ को
मंगलमय शुभकामना

अंग्रेजी नयाँ वर्ष २०२५ को सुखद अवसरमा जापान लगायत देश-विदेशमा रहनुभएका समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवं उत्तरोत्तर प्रगतिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

NRNA Non-Resident Nepali Association

नविन निउरे
अध्यक्ष
एन.आर.एन.ए. जापान

HAPPY NEW YEAR
नयाँ वर्ष २०२५ को
शुभकामना

अंग्रेजी नयाँ वर्ष २०२५ को सुखद अवसरमा जापान लगायत देश-विदेशमा रहनुभएका समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवं उत्तरोत्तर प्रगतिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

यमकान्त कँडेल
अध्यक्ष
बागलुङ समाज जापान

नयाँ वर्ष २०२५ को
मंगलमय शुभकामना

अंग्रेजी नयाँ वर्ष २०२५ को सुखद अवसरमा जापान लगायत देश-विदेशमा रहनुभएका समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवं उत्तरोत्तर प्रगतिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

महेन्द्र न्यौपाने
अध्यक्ष
राष्ट्रिय लोक तथा दोहोरीगीत प्रतिष्ठान नेपाल, जापान शाखा

नयाँ वर्ष २०२५ को
हार्दिक शुभकामना

अंग्रेजी नयाँ वर्ष २०२५ को सुखद अवसरमा जापान लगायत देश-विदेशमा रहनुभएका समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवं उत्तरोत्तर प्रगतिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।



विजय थकाली
अध्यक्ष
नेपाली व्यवसायी संघ (NBA) जापान



नयाँ वर्ष २०२५ को
हार्दिक शुभकामना
HAPPY NEW YEAR2025
明けましておめでとう御座います!

अंग्रेजी नयाँ वर्ष २०२५ को सुखद अवसरमा जापान लगायत देश-विदेशमा रहनुभएका समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवं उत्तरोत्तर प्रगतिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।



हवलचन्द्र लामा
अध्यक्ष
नेपाली आदिवासी जनजाति महासंघ जापान



नयाँ वर्ष
२०२५ को
मंगलमय शुभकामना

अंग्रेजी नयाँ वर्ष २०२५ को सुखद अवसरमा जापान लगायत देश-विदेशमा रहनुभएका समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवं उत्तरोत्तर प्रगतिका लागि हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछु।



बिशाल के.सी.
अध्यक्ष
म्याग्दी प्रवासी नेपाली संघ (मोना) जापान




नयाँ वर्ष
२०२५ को
मंगलमय शुभकामना


अंग्रेजी नयाँ वर्ष २०२५ को सुखद अवसरमा जापान लगायत देश-विदेशमा रहनुभएका समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवं उत्तरोत्तर प्रगतिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।



रामहरि खपाङ्गी मगर
अध्यक्ष
नेपाल मगर संघ जापान


नयाँ वर्ष
२०२५
को
मंगलमय
शुभकामना
अंग्रेजी नयाँ वर्ष २०२५ को सुखद अवसरमा जापान लगायत देश-विदेशमा रहनुभएका समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवं उत्तरोत्तर प्रगतिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
शान्तकुमार पहरी
अध्यक्ष
एवं
नेपाल पत्रकार महासंघ
जापान शाखा परिवार


नयाँ वर्षको
मंगलमय शुभकामना
अंग्रेजी नयाँ वर्ष २०२५ को सुखद अवसरमा जापान लगायत देश-विदेशमा रहनुभएका समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवं उत्तरोत्तर प्रगतिका लागि हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछु ।
अरुण पौडेल
अध्यक्ष
अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज,
जापान शाखा
INLS, JAPAN


नयाँ वर्ष
२०२५
को
हार्दिक
शुभकामना
अंग्रेजी नयाँ वर्ष २०२५ को सुखद अवसरमा जापान लगायत देश-विदेशमा रहनुभएका समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवं उत्तरोत्तर प्रगतिका लागि हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछु ।
सागर कार्की
महासचिव
म्याग्दी प्रवासी नेपाली संघ (मोना) जापान


नयाँ वर्ष
२०२५
को
हार्दिक
शुभकामना
अंग्रेजी नयाँ वर्ष २०२४ को सुखद अवसरमा जापान लगायत स्वदेश तथा विदेशमा रहनुभएका समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवं उत्तरोत्तर प्रगतिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।
दर्शन समाज जापान
Darshan Samaj Japan
Estd: 2011
राहुल शाही ठकुरी
अध्यक्ष
दर्शन समाज जापान

# वैदेशिक..

पृष्ठ १ को बाँकी

सम्बन्धी विभिन्न योजनाहरू सञ्चालन गर्ने गर्दछ । यस योजनामार्फत हामीसित सातवटा स्किम छन् । तिनै स्किमबाट हामीले वित्तीय स्रोत संकलन गर्ने गर्छौ । तिनै योजनाबाट संकलित रकमको कुरा गर्ने हो भने असोज मसान्तसम्म २ सय ४२ अर्ब रूपैयाँ संकलित भएको छ ।

**यति धेरै रकम संलन भएको त भन्नुभयो, यो रकम कुन-कुन क्षेत्रमा कसरी परिचालन गरिएको छ ?**

नागरिक लगानी कोषले संकलन गरेको रकमलाई विभिन्न क्षेत्रमा लगानी गर्ने गरेको छ । हामीले संकलन गरेको ५० प्रतिशत रकम अहिले विभिन्न वाणिज्य बैंकमा निक्षेपको रूपमा राखिएको छ । यो हाम्रो लागि चुनौतीको विषय पनि हो । अर्को हाम्रो सबैभन्दा धेरै लगानी भएको दोस्रो क्षेत्र भनेको हाम्रो कोषमा नै सहभागिता जनाउनेलाई सापटीको रूपमा दिएका छौं । हामीले तेस्रो ठूलो लगानी कर्पोरेट डिबेन्चरमा गरेका छौं । अर्को हामीले धेरै लगानी गरेको क्षेत्र भनेको संगठित संस्थाको धितोपत्रमा पनि गरेका छौं । यी सबै क्षेत्रमा असोज मसान्तसम्म २ सय ५० अर्ब रूपैयाँ लगानी गरिएको अवस्था छ ।

**अवकाशमा आधारित कोषहरूले उत्पादनमुलक क्षेत्रमा लगानी गरेनन्, बैंकमा पैसा जम्मा गरेर ब्याज मात्रै खाए भन्ने गुनासो पनि सुनिन्छ, तपाईंहरूको ध्यान किन नगएको ?**

निक्षेपमा मात्रै रकम जम्मा नराखेर राष्ट्र निर्माणमा पनि कोषले लगानी गर्छ । सरकारले प्राथमिकता तोकेका आयोजनाहरूलाई सहयोग पुग्ने गरी नागरिक लगानी कोष जस्ता संस्थाहरूले पनि फण्डिङ गर्नुपर्छ । फण्डिङ गर्ने भनेको कर्जा प्रवाह गर्ने हो । कर्जा दिंदा फिर्ताको सुनिश्चितता, नियमित रूपमा साँवा ब्याज तिर्न सक्छन् कि सक्दैनन् भन्ने सुनिश्चितता हेरेर लगानी गर्छौं । साथै, ती आयोजनाहरूको भायबिलिटी कस्तो छ, रिटर्न गर्न सक्षम छन् की छैनन्, समयमै सक्छन् की सक्दैनन् भनेर आयोजनाको विश्लेषण गरेर मात्रै लगानी गर्छौं । पछिल्लो समय जलविद्युत क्षेत्रका मेगा प्रोजेक्टका लागि भारतसँग सम्झौता भएको छ । विद्युतका लागि बजार पनि विस्तार भएको छ । जलविद्युतका योजनाहरूमा कोषले लगानी बढाउँदै जानेछ । तर, कोषले पनि सर्वसाधारणको बचत परिचालन गरेको हुँदा सुरक्षा र लगानी फिर्ता हुने निश्चितता हामी खोज्छौं ।

**कोषमा आम नागरिकलाई समेट्न कोषले के गरिरहेको छ ?**

कोषका योजनाहरूमध्ये धेरैजसो योजनाहरू राष्ट्रसेवक कर्मचारी, विभिन्न संघसंस्थामा कार्यरत कर्मचारी लक्षित रहेका हुँदा आम नागरिकलाईसमेत समेट्ने गरी कोषले विगत केही वर्षदेखि नागरिक पेन्सन योजना सञ्चालनमा छ । यस योजनामा मुलुकभर बस्ने, दूरदराज गाउँठाउँका नागरिकलाईसमेत समेट्ने लक्ष्य छ । यसका अतिरिक्त वैदेशिक रोजगारीमा रहेका नेपालीले कमाएको केही पैसा अवकाशको समयमा सदुपयोग होस् भन्ने लक्ष्यसहित नागरिक पेन्सन योजना सञ्चालनमा छ । यस योजनामा न्यूनतम ५ सय रूपैयाँ मासिक बुझाएर कार्यक्रममा सहभागी हुनसक्ने व्यवस्था रहेको छ । उहाँहरूले सक्रिय जीवनमा कमाएर यस योजनामा जम्मा गरेको रकम बचतकर्ताको उमेर ६० वर्ष पूरा भएपछि १५ वर्ष योगदान गरेको अवस्थामा वा बचत कर्ताको १५ वर्ष बचत नगर्दै ६० वर्ष उमेर पूरा भएमा उहाँहरूको इच्छाअनुसार मासिक पेन्सनका रूपमा उपलब्ध गराउने वा एकमुष्ट रकम भुक्तानी दिने व्यवस्था कोषले मिलाएको छ । यो योजनालाई प्रभावकारी बनाउन चालु आवको सुरूआतदेखि नै स्थानीय निकायसँग समेत समन्वय गरेर आम नागरिकलाई कार्यक्रममा समावेश गर्ने सोचाइ राखेका छौं । यसैगरी, वैदेशिक रोजगारमा रहनुभएका र वैदेशिक रोजगारमा जानुहुने नेपाली नागरिकलाई यस कार्यक्रममा आकर्षित गर्न प्रचारप्रसार गर्ने, उहाँहरूसँग अन्तरक्रियात्मक कार्यक्रम गर्ने योजना बनाइएको छ । सबै नेपालीहरूले सहभागिता जनाउन सक्ने कोषले सञ्चालन गरेको अर्को कार्यक्रम नागरिक एकाङ्क योजना पनि हो ।

**अन्त्यमा, केही भन्न चाहनुहुन्छ ?**

नागरिक लगानी कोषले सहभागीहरूको अवकाश जीवनलाई सहज बनाउन वित्तीय स्रोतका लागि विभिन्न अवकाश योजनाहरू सञ्चालनमा ल्याएको छ । यसै सिलसिलामा सरकारी, गैरसरकारी संघसंस्थामा कार्यरत धेरैजसो कर्मचारीहरूले कोषको योजनामा सहभागिता जनाइसक्नुभएको छ । कोषले स्वरोजगारमा रहेका, वैदेशिक रोजगारमा रहेका, एवं कृषि पेसामा रहनुभएका आम नागरिकलाई समेत लक्षित गरी नागरिक पेन्सन योजना सञ्चालनमा ल्याएको छ । यस योजनामा सहभागी भई सक्रिय उमेरमा कमाएको केही रकमलाई पेन्सन योजनामा लगानी गरेर अवकाश जीवनलाई सुरक्षित बनाउन सबैमा अनुरोध गर्दछु । यसैगरी, नागरिक लगानी कोषले आफ्ना सेवाग्राहीलाई सरल र सहज तरिकाले सेवा प्रदान गर्ने र सहभागीहरूलाई उचित प्रतिफल दिने हुनाले नागरिक लगानी कोषप्रति विश्वास गर्दै यसका योजनाहरूमा सहभागी हुन सबैमा पुनः आग्रह गर्न चाहन्छु ।

# यसकारण ...

पृष्ठ १ को बाँकी


जना नागरिकको पनि यहाँ बसोबास रहेको बताईएको छ ।

शिन्ज्युकु नगरमा बसोबास गर्ने विदेशीहरूमा सबैभन्दा धेरै अर्थात १८ हजार ६ सय २७ (४० दशमदव ७० प्रतिशत) २० देखि २९ वर्ष उमेर समुहका छन् भने त्यसपछि ९ हजार ७ सय ६ (२१ दशमदव २१ प्रतिशत) ३० देखि ३९ वर्ष उमेर समुहका रहेका छन् । यसैगरी ४० देखि ४९ वर्ष उमेर समुहका ५ हजार ८ सय ३४ (१२ दशमलव ७५ प्रतिशत) रहेको तथ्याङ्कमा जनाईएको छ । यसैगरी १० वर्ष मुनिका विदेशी बालबालिकाको संख्या १ हजार ७ सय ३६ (३ दशमलव ७९ प्रतिशत) रहेको छ भने ८० वर्ष माथिका २ सय २१ जना र ९० वर्षभन्दा माथिका विदेशीको संख्या ४३ जना रहेको जनाईएको छ ।

यसैगरी शिन्ज्युकु नगरीमा बसोबास गर्ने विदेशीहरूको भिसा क्याटगोरीको आधारमा सबैभन्दा बढि विद्यार्थी भिसामा रहेकाहरू १६ हजार ६ सय ३७ जना छन् । दोस्रोमा स्थायी आवासीय भिसा (एज्युसा) ८ हजार ५ सय २९ जना रहेका छन् भने तेस्रोमा अफिसियल कर्मचारी (गिजिचु जिम्बुन चिसिकी खोकुसाई ग्योमु) र चौथोमा डिपेन्डेन्ट (खाजोकु ताइजाइ) ४ हजार ६ सय ४८ जना रहेका छन् । यसैगरी पाँचौंमा विशेष निर्दिष्ट क्रियाकलाप (तोकुतेइ खाचुदो) २ हजार ३ सय ६, छैठौंमा तेज्युसा १ हजार ५ सय १० जना, सातौंमा विजनेश म्यानेजर १ हजार २ सय ५८ जना, आठौंमा स्पेशल स्थायी आवासीय १ हजार १ सय ७३ जना, नवौंमा सीपयुक्त कर्मचारी (गिनोउ) १ हजार १ सय ६८ जना र दशौंमा जापानी नागरिकसंग विवाहित १ हजार ५७ जना रहेका छन् ।

यसैगरी शिन्ज्युकु नगर अन्तर्गतका एरियाका आधारमा सबैभन्दा धेरै विदेशीहरू रहेको ओकुबो २ च्योमेमा २ हजार ५ सय ९५ जना, ह्याकुनिन्च्यो २ च्योमेमा १ हजार ९ सय ४५ जना, ओकुबो १ च्योमेमा १ हजार ५ सय १०, ह्याकुनिन्च्यो १ च्योमेमा १ हजार ४ सय ७४, कावादा-च्योमा ९ सय १० जना र सिमो-ओच्याआइ १ च्योमेमा ८ सय ६३ जना रहेका छन् ।

यसरी हेर्दा शिन्ज्युकुमा जापानीहरू मात्र नभई विदेशीहरूका लागि पनि बसोबासका लागि सहज ईलाका मानिएको छ । यातायातका दृष्टिकोणले शिन्ज्युकुबाट जापानका धेरैजसो प्रमुख सहरसंग जोडिएको रेलमार्ग र सडक सञ्जाल रहेको छ भने स्कुल, कलेज, युनिभर्सिटी, जापानी स्कुल, भोकेशनल स्कुल जस्ता एकेडेमिक संस्थानहरूको संख्या पनि यहाँ प्रशस्त रहेको छ । हुलाक, अस्पताल र अन्य दैनिक जनजीवनसंग जोडिएका सार्बजनिक निकायहरू पनि यहाँ प्रशस्त रहेको जानकारहरू बताउँछन् । यहाँको स्थानीय निकायले विदेशीहरूको सुविधालाई ध्यानमा राखी निःशुल्क जापानी भाषा कक्षा, टेलिफोन वा काउन्टरमै गएर लिन सकिने विदेशी भाषामै परामर्श सेवा, जापानमा दैनिक जीपनयापनका लागि सहजीकरण हुने निःशुल्क गाइडबुक, विदेशीहरूले बुझ्ने भाषामा लेखिएका पर्चा, पोष्टर जस्ता सामग्री उपलब्ध गराउँदै आईरहेको छ । यसरी हेर्दा शिन्ज्युकु नगर प्रशासन पहिलेभन्दा अधिकतम विदेशीमैत्री हुन खोजीरहेको देखिन्छ । सोहीअनुरूप विदेशीहरूको पनि आफ्नो लागि भनेर उपलब्ध गराएको सेवा, सुविधा बारे जानकार हुन र त्यसबाट लाभान्वित हुने दिशामा ध्यान जान जरूरी छ ।















Published by: GMT International Co. Ltd., 2-14-4 Hyakunincho, Shinjuku, Tokyo 169-0073, Tel/Fax: 03-5937-5314, Mobile: 080-4150-5314 (Viber Ok)
www.gmt-intl.com, www.samudrapari.com, Email: newspaper@gmt-intl.com, Editor in Chief: Tilak Malla, Designed By: Sagar Khadka